**आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली**

मितिः ०४ अप्रेल २०२५

समयः १८:५० – १६:०० बजे

**<u>मुख्य समाचार</u>**

१. पश्चिम बंगालमा स्कूल सेवा आयोग (एसएससी)- को २०१६ सालको भर्ती प्रक्रियालाई लिएर सुप्रीम कोर्टद्वारा सुनाइएको फसेलापछि भारतीय जनता पार्टीले मुख्यमन्त्री ममता ब्यानार्जीको राजीनामाको मांग गरेको छ|

२. अर्कोतिर राज्यका शिक्षा मन्त्री ब्रात्य बसु नोकरी गुमाउनेहरूलाई समर्थनमा आउनु भएको छ।

३. दार्जिलिङका सांसद राजु विष्टको नेतृत्वमा आज एक टोलीले केन्द्रिय जनजाति मामिला मन्त्री जोएल ओरमसँग भेट गरी गोर्खा जातिको छुटेका जातगोष्ठीलाई जनजातिको मान्यता दिन चाँडो प्रक्रिया पूरा गर्न अनुरोध गरेको छ।

४. पश्चिम बङ्गाल सरकारका स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालय स्ट्याण्डिङ कमिटीको अध्यक्ष निर्मल माझीले आज दार्जिलिङ जिल्ला अस्पतालको भ्रमण गर्नु भएको छ।

५. वरिष्ठ साहित्यकार ज्ञानेन्द्र खतिवडालाई नेपालबाट तेराख महाकवि देवकोटा साहित्य पुरस्कार प्रदान गरिने भएको छ।

**<u>भाजपा – मुख्यमन्त्री ममता</u>**

राज्यका सरकारी स्कूलहरूमा भएका नियुक्तिहरूको सम्बन्धमा ठूलो कारबाही भएपछि अब राज्यको राजनीति गर्मिएको छ। सुप्रीम कोर्टद्वारा पश्चिम बंगाल स्कूल सेवा आयोगको वर्ष २०१६.को चयन सूचीबाट गरिएको २५ हजार ७५३ नियुक्तिहरूलाई रद्द गरिएपछि भाजपाले मुख्यमन्त्री ममता ब्यनर्जी सरकारमाथि तीव्र प्रहार गरेको छ। भाजपाको आरोप छए सरकारले सुनियोजित ढंगमा दागी र योग्य उम्मेद्वारहरूलाई छुट्याएन ताकि तृणमूल नेताहरूलाई बचाउन सकियोस् जसले पैसाको सट्टामा नोकरी दिलाएका थिए।बंगाल भाजपा अध्यक्ष सुकान्त मजुमदारले भन्नु भयोए यदि सरकारले समयमै सत्यापित र दागी उम्मेद्वारहरूलाई छुट्याएको भए सम्पूर्ण प्यानललाई नै रद्द गर्नु पर्दैनथ्यो। तर उनीहरूले यस्तो गरेननए किनभने यसो गरिए ती पार्टी नेताहरूको पोल खोलिन्थ्यो जसले पैसा लिएर अयोग्य मानिसहरूलाई नोकरी दिलाए। उहाँले भन्नु भयोए बारम्बार सुझाउ दिइएको भए पनि राज्य सरकारले छुट्याउने प्रक्रियालाई टारेर कोर्टलाई सम्पूर्ण चयन सूचीलाई नै रद्द गर्न बाध्य बनायो।उल्लेखनीय छए कलकत्ता हाई कोर्टको विशेष खण्डपीठले २०१६ सालको चयन सूचीबाट गरिएका सबै २५ हजार ७५३ नियुक्तिलाई रद्द गरिदिएको थियो।राज्य सरकारले यस आदेशलाई सुप्रीम कोर्टमा चुनौती दिएको थियोए तर सुप्रीम कोर्टले पनि हाई कोर्टको फसेलालाई नै यथावत राख्यो जसबाट सरकारलाई ठूलो झट्का लाग्यो।यस फसेलापछि मुख्यमन्त्री ममता ब्यनर्जीले मीडियासितको बातचितमा आफूमाथि लक्षित गरिएको बताउनु भएको थियो। यसको जवाफमा सुकान्त मजुमदारले भन्नु भयोए मुख्यमन्त्रीको भाषा र हावभावबाट स्पष्ट देखिँदैथ्यो कि उहाँलाई जेल जाने डरले सताइरहेको छ। उहाँले ममाथिए वामपन्थी नेताहरूमाथि यहाँसम्म कि सर्वोच्च न्यायालयमाथि समेत आरोप लगाउनु भयोए तर आफ्ना पार्टीका ती मानिसहरूलाई दोष्याइनन् जसले पैसा लिएर नोकरी दिलाएका थिए।

**शिक्षा मन्त्री ब्रात्य बसु**

पश्चिम बंगालमा स्कूल सेवा आयोग (एसएससी)- को २०१६ सालको भर्ती प्रक्रियालाई लिएर सुप्रीम कोर्टद्वारा सुनाइएको ठूलो फसेला पश्चात राज्यका शिक्षा मन्त्री ब्रात्य बसु नोकरी गुमाउनेहरूलाई समर्थनमा आउनु भएको छ। आज पत्रकारहरूसित बातचित गर्नु हुँदै उहाँले स्पष्ट पार्नु भयोए राज्य सरकार ती सबै वञ्चित एवं योग्य उम्मेद्वारहरूको पक्षमा रहनेछ जसको नियुक्ति रद्द गरिएको छ।नियुक्ति रद्द भएपछि सम्बन्धित शिक्षकहरू स्कूल गइरहेकाका छैनन् भनी पत्रकारहरूद्वारा सोधिएको प्रश्नमा मन्त्रीले भन्नु भयोए ष्मलाई लाग्दैन कि यो जानकारी सही हो। उनीहरूले के गर्नुपर्छ भन्ने बारेमा मुख्यमन्त्रीले हिजो नै यो स्पष्ट पारिसकेकी छन्। उनीहरू स्कूल नगएको सूचना हामीसित छैन।ष्मन्त्री ब्रात्य बसुले भन्नु भयोए राज्य सरकारले कुनै पनि स्थितिमा ती योग्य तथा परिश्रमी उम्मेद्वारहरूलाई छोड्ने छैन जसले कड़ा महिनेतले यो नोकरी पाएका थिए। उहाँले भरोसा दिलाउनु भयोए राज्य सरकारले हरसम्भव कानूनी तथा मानवीय उपायहरूमाथि विचार गरिरहेको छ ताकि ती उम्मेद्वारहरूको भविष्यलाई सुरक्षित पार्न सकियोस्।

**वक्फ संशोधन विधेयक – कोलकातामा प्रदर्शन**

देशभरि वक्फ संशोधन विधेयक २०२५ को विरोध गरिने आशंकाबीच आज सर्वप्रथम पश्चिम बंगालको राजधानी कोलकाताका सड़कहरूमा मुस्लिम समुदाय ओर्लिए। जुमेको नमाजपछि पार्क सर्कस क्षेत्रमा हजारौंको संख्यामा अल्पसंख्यक समुदायले केन्द्र विरूद्ध प्रदर्शन गर्‍यो।जानकारी अनुसारए यो प्रदर्शन जमायत-ए-इस्लामको आह्वानमा आयोजित गरिएको थियो। प्रदर्शनकारीहरूले आरोप लगाएए केन्द्रमा भारतीय जनता पार्टीको सरकारले मुस्लिम समुदायको अधिकारहरूलाई सीमित गर्न र वक्फ सम्पत्तिहरूमाथि नियन्त्रण हासिल गर्ने मनसायले यो संशोधन पेश गरेको हो। प्रदर्शनमा सामेल मानिसहरूले जोडदार नारा लगाउँदै विधेयकलाई तुरन्तै फिर्ता लिने माग गरे। प्रदर्शनकारीहरूको भनाई थियोए यो संशोधन मुसलमानहरूको धार्मिक सम्पत्तिहरू र संस्थाहरूलाई कमजोर गर्ने षड़यन्त्र हो। उनीहरूले चेताउनी दिएए यदि सरकारले यस कानूनलाई फिर्ता नलिए देशभरिमा ठूलो आन्दोलन शुरू हुनेछ। प्रदर्शनमा सुरक्षा व्यवस्थाको निम्ति भारी संख्यामा पुलिस बललाई तैनात गरिएको थियो। यद्यपिए प्रदर्शन शान्तिपूर्ण रह्यो तर सुरक्षा एजेन्सीहरू सतर्क रहेका छन्। उल्लेख्यए वक्फ संशोधन विधेयक २०२५ लोकसभा र राज्यसभा दुवैमा पारित भइसकेको छ। यस विधेयक अन्तर्गत वक्फ बोर्डका सम्पत्तिहरूको रजिस्ट्रेशन र प्रबन्धनमा धेरै बदलाव गरिएको छ। यस अन्तर्गत राज्य सरकारहरूले वक्फ सम्पत्तिहरूको सर्वेक्षणए दस्तावेजीकरण र नियन्त्रणको अधिकार पाएका छन्ए जसलाई मुस्लिम संगठनहरूले अल्पसंख्यक अधिकारहरूको हनन बताएका छन्।

केन्द्रिय जनजाति मन्त्री भेट

दार्जिलिङका सांसद राजु विष्टको नेतृत्वमा आज एक टोलीले केन्द्रिय जनजाति मामिला मन्त्री जोएल ओरमसँग भेट गरी गोर्खा जातिको छुटेका जातगोष्ठीलाई जनजातिको मान्यता दिन चाँडो प्रक्रिया पूरा गर्न अनुरोध गरेको छ। यसका साथैए टोलीले मन्त्री ओरमलाई एथ्नोग्राफिक डेटा तथा अन्य सान्दर्भिक प्रतिवेदन र तथ्याङ्कहरू पनि बुझाएको बताइएको छए जसले छुटेका जात गोष्ठीहरूलाई जनजातिका रूपमा पुनः समावेश गर्ने कुरालाई सहयोग र समर्थन गर्नेछ। टोलीमा गोजमुमो अध्यक्ष विमल गुरुङए महासचिव रोशन गिरीए गोर्खा जनजाति महासङ्घका अध्यक्ष एमएस राई र गोविन्द प्रधान पनि थिए। सांसद विष्टका अनुसारए ओरमले गोर्खा जातिका छुटेका जातगोष्ठीलाई जनजातिको दर्जा दिने प्रक्रिया सकेसम्म छिट्टो अघि बढाउन मन्त्रालय प्रतिबद्ध रहेको आश्वासन दिएका छन्। यसबारे एक प्रेस विज्ञप्तिमार्फत जानकारी गराउँदै संसद राजु विष्टले भन्नु भयोए मन्त्री जोएल ओरम गोर्खा जातिका हितैषी हुन्। उहाँले हाम्रो मागबारे गहिरो सहानुभूति व्यक्त गर्नु भएको छ। गोर्खा जातिका छुटेका जातगोष्ठीलाई जनजातिको श्रेणीमा सामेल गराउने आधिकारिक प्रक्रिया लामो र कठिन भए तापनि यस प्रक्रियामा तीव्रता ल्याउन आफ्नो क्षमता अनुसारका सबै कार्य गर्ने केन्द्रिय जनजाति मामिला मन्त्री जोएल ओरमले यस भेटवार्ताअवधि आश्वासन दिएको संसद राजु विष्टले बताउनु भएको छ।

**निर्मल माझी दार्जिलिङ जिल्ला अस्पताल**

पश्चिम बङ्गाल सरकारका स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालय स्ट्याण्डिङ कमिटीको अध्यक्ष निर्मल माझीले आज दार्जिलिङ जिल्ला अस्पतालको भ्रमण गर्नु भएको छ। उहाँले गत २ अप्रेलमा उत्तर बङ्गाल मेडिकल कलेज र हिजो कालेबुङ जिल्ला अस्पतालको भ्रमण गर्नु भएको थियो। भ्रमणपछि सबै अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवाहरूको उहाँले समीक्षा बैठक गर्नु भएको थियो।उहाँको टोलीले आवश्यक तथ्याङ्क र गुनासोहरू पनि निरीक्षण गर्दै यसको सङ्कलन गर्नेछ। यस विषयमा पश्चिम बंगाल राज्यका स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालय स्ट्याण्डिङ कमिटीको अध्यक्ष निर्मल माझीले दार्जिलिङमा पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्री ममता ब्यानर्जीको नेतृत्वमा उत्तर बङ्गालको समानान्तर विकास गर्न तृणमूल कंग्रेस कटिबद्ध रहेको बताउनु भएको छ। उहाँले जीटीए सभा पुन: सञ्चालनमा आएपछि काम गर्न धेरै सहज भएको बताउनु भएको छ। उहाँले दार्जिलिङ जिल्ला अस्पतालको स्वास्थ्य परिसेवा उन्नत गराउन ४२ करोड प्रदान गरिएको जानकारी गराउनु हुँदै खरसाङमा थप १५० बेडको अस्पताल निर्माण कार्य चलिरहेको अवगत गराउनु भएको छ।श्री निर्मल माझीको नेतृत्वमा आज गरिएको उक्त दौहाडा अवधि जिल्ला अस्पताल अधिकारी पक्ष लगायत जीटीए विभागीय कार्यकारी निर्देशक साम्देन डुक्पा अनि अन्य उपस्थित हुनुहुन्थ्यो।

**भारत – नेपाल प्रधानमन्त्री**

बैंककमा भईरहको बिम्सटेक शिखर सम्मेलनमा प्रधानमंत्री नरेंद्र मोदी र उहाँको समकक्षी नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटघाट भएको छ| भारतले नेपालसँगको सम्बन्धलाई ठूलो प्राथमिकता दिएको र भारत-नेपाल मित्रताका विभिन्न पक्षहरू विशेष गरी ऊर्जाए कनेक्टिभिटीए संस्कृति र डिजिटल प्रविधि जस्ता क्षेत्रहरूमा छलफल गरेको प्रधानमंत्री श्री मोदीले आफ्नो वक्तव्यमा भन्नु भएको छ|

**साहित्यकार ज्ञानेन्द्र खतिवडा**

वरिष्ठ साहित्यकार ज्ञानेन्द्र खतिवडालाई नेपालबाट तेराख महाकवि देवकोटा साहित्य पुरस्कार प्रदान गरिने भएको छ। प्राप्त जानकारी अनुसारए उहाँलाई नेपाली भाषाए साहित्यए संस्कृति र पर्यावरणको संरक्षणमा योगदान पुराएवापत नेपालका साहित्यकार तेजराज खतिवडा (तेराख) प्रतिष्ठानले उक्त पुरस्कारले पुरस्कृत गर्ने भएको छ।प्रतिष्ठानको बैठकले सिलगढीको सालबारी निवासी नेपाली साहित्यका वरिष्ठ साहित्यकार ज्ञानेन्द्र खतिवडलाई तेराख महाकवि देबकोटा साहित्य पुरस्कार प्रदान गर्ने निर्णय भएको प्रतिष्ठानका अध्यक्ष शिवकुमार पौड्यालले बताउनु भएको छ। उहाँले बताउनु भए अनुसारए पुरस्कारमा नगदराशि ५१ हजार रुपियाँ रहनेछ। पुरस्कार आगामी वैशाख १३ गते अर्थात् २६ अप्रेलको दिन पूर्वी नेपालको धुलाबारीमा एक समारोहबीच पुरस्कार प्रदान गरिने छ।उल्लेखनीय छए भारतीय नेपाली साहित्यका एक वरिष्ठ साहित्यकार ज्ञानेन्द्र खतिवडाको सन् १९९५ मा कविता संग्रह श्खस्नै लागेको उज्यालोश् र २०२३ सालमा अर्को कविता संग्रह श्ऐना अघिल्तिरश् प्रकाशित छन्। उनले श्थुंगाश् पत्रिका र कविता संकलन श्स्वर्गायपीश् सम्पादन गरिसकेका छन्।उनी विगत १२ वर्षदेखि लगातार रुपमा सालबारीमा मासिक साहित्यिक कार्यक्रम श्शब्द समयश् को आयोजना गर्नेहरूमा एकजना संस्थापक सदस्य हुन्।

**गोजमुमोद्वारा ज्ञापन पत्र**

गोर्खा जनमुक्ति मोर्चा मिरिक महकुमाको एक प्रतिनिधि टोलीले मिरिक खण्ड विकास अधिकारी श्रेयाश्री माइतीसित भेट गरी एउटा ज्ञापन पत्र बुझाएको छ। पश्चिम बंगाल राज्यकी मुख्यमन्त्रीलाई सम्बोधन गर्दै तयार पारिएको ज्ञापन पत्र बुझाउन गोजमुमोको टोलीमा केन्द्रिय सचिव गौतम समीरतमए केन्द्रिय सह सचिव बिनोद खालिङए मिरिक महकुमा अध्यक्ष रूपेस राईए युवा मोर्चा मिरिक महकुमा संयोजक योगेस गोलेए मोर्चा नेताहरू पुनम तामाङए गोपाल तामाङए डम्बर छेत्रीए विकास खडका आदि प्रमुख थिए।यस अवसरमा केन्द्रिय सचिव समीर गौतम अनि युमो मिरिक महकुमा अध्यक्ष योगेस गोलेले चियाकमानको तीस प्रतिशत जमीन उद्योगपतिहरूलाई दिने राज्य सरकारको निर्णयको विरोध साथै चिया श्रमिकहरूलाई पाँच डेसीमल होइनए तर जसको जति जमीन छ त्यति नै दिनुपर्छ भनी माग गरिएको बताउनु भएको छ।